# ऐसेलुखर्क गाउँपालिका

## आय र व्ययको अनुमान

## आ.व. २०७८/०७९

प्रस्तुतकर्ता
पुष्पकला भुजेल
गाउँपालिका उपाध्यक्ष

ऐसेलुखर्क गाउँपालिका

**ऐसेलुखर्क गाउँसभाको मिति २०७८ असार १० गतेको बैठक उपाध्यक्ष श्री पुष्पकला भुजेलले पेश गर्नुभएको आ.व. २०७८/७९ को राजश्व र व्ययको अनुमान।**

आदरणीय अध्यक्ष ज्यू, सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, हिमाल एफ.एम. बाट सुनिरहनु भएका सम्पूर्ण श्रोता एवं फेसबुकबाट प्रत्यक्ष रुपमा संसारका विभिन्न स्थानबाट हामीलाई प्रत्यक्ष हेरिरहनु भएका सम्पूर्ण महानुभावहरु,

विद्यमान विषम परिस्थितीका बावजुद ऐसेलुखर्क गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभा मार्फत प्रस्तुत गर्न पुन एकपटक म यहाँहरुमाझ उपस्थित भएकी छु। गणतन्त्र र संघीयताको परिणाम स्वरुप मुलुकलाई आजको वर्तमान अवस्थामा ल्याई पुऱ्याउन प्राणोत्सर्क गर्नुहुने महान शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु, साथै राजनैतिक आन्दोलनका क्रममा घाईते, बेपत्ता र अपाङ्ग भएका नागरिकहरु प्रति उच्च सम्मान र सहानुभूती प्रकटगर्दछु ।यतिबेला पुरै विश्व जगत नयाँ भेरियन्ट सहितको कोभिड-१९ (दोस्रो लहर) को महामारीबाट आक्रान्त भइरहेको छ। कोभिड-१९ को महामारीबाट सङ्क्रमित भई जीवन गुमाउनु हुने सम्पूर्ण नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछु। साथै उपचाररत सम्पूर्ण संक्रमित नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

यस विषम परिस्थितीमा दिनरात खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक तथा व्यवस्थापकीय कार्यमा खटिरहनु भएका कर्मचारी, कोभिड-१९ विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने निजी क्षेत्र, संघ संस्था, सञ्चार जगतलगायत सम्पूर्ण गाउँपालिकाबासी नागरिकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित हामी जनप्रतिनिधीहरुमार्फत यस गाउँसभामा चौथो वर्षको बजेट पेश भई कार्यान्वयन भइसकेको छ। आज म पहिलो कार्यकालको पाँचौ बार्षिक बजेट प्रस्तुत गर्न गई रहेकी छु। यस सन्दर्भमा हामीले निर्वाचन मार्फत बाडेको ऐसेलुखर्क गाउँपालिका विकासको सपना पुरा गर्न समयको उत्तरार्धमा प्रवेश गरी सकेका छौ।

विगतका चार आर्थिक बर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक र प्राकृतिक क्षेत्रमा उपलब्ध सम्भावनाहरुको उचित व्यवस्थापन गरी गाउँपालिकाको समग्र विकास, सुशासन र समृद्धिको लागि स्थानीय सरकार दृढ सङ्कल्पित रहेको स्मरण गराउन चाहन्छु। हामीले विनियोजन गरेको बजेट मार्फत संचालित योजनाहरुले ऐसेलुखर्क गाउँपालिकाको आम नागरिकको जीवनस्तरमा कति सुधार आयो ? मानवविकासमा के सुधार आयो ? छरछिमेक र हामीमा के कस्तो अन्तर एवं समानता रह्यो ? हामीले लिएका नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपालको अभियानमा कति टेवा पुग्यो ? यही कुराहरुतपाई हामी सबै जनप्रतिनिधि एवं विकास प्रेमी नागरिकले बुझ्नुपर्ने आवश्यकता छ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानले हामीलाई दिएको अधिकारको प्रयोग र कार्यान्वयन गर्न सक्षम बन्दै जानु आजको सबै भन्दा प्रमुख चुनौती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा ऐसेलुखर्कको विकास आजसम्म निर्भर रहेको छ । यसो हुनाले गाउँपालिकाको सर्वपक्षीय विकासलाई उल्लेख्य रुपमा अघि बढाउन नसकि रहेको अबस्था छ । स्थानीय सरकार बनेको चार वर्ष पूरा भएको अवस्थामा शून्य बिन्दुबाट यात्रा सुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ निकै महत्वपूर्ण र ठोस उपलब्धीहरु हासिल गर्दै ऐसेलुखर्क गाउँपालिका अगाडि बढिरहेको छ । नमूना योग्य विकासका प्रयास हुँदाहुँदै पनि पर्याप्त बजेट अभावका कारणहाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूत हुने किसिमले देखाउन सकेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहँदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरी रहेको स्पष्ट छ । यसर्थ हाम्रो तत्कालिन आवश्यकतालाई मात्रै सोच्दै गरिने विकासको शैलीलाई परिवर्तन गरी दीगो विकास गर्नुअपरिहार्य भएको छ ।

**सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,**

आगामी आ.व. २०७८/०७९ को वार्षिक बजेट प्रस्तुत गर्नुपूर्व म चालु आ.व. को हाल सम्मको बजेट कार्यान्वयनको समिक्षा गर्न चाहन्छु ।

## उपस्थित सम्पुर्ण महानुभावहरु

अव म आगामि आ.ब २०७८/०७९ को अनुमानित आय र व्यय प्रस्तुत गर्नुपूर्व चालु आ.ब मा संचालित योजना तथा कार्यमहरु समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

- चालु आ.ब २०७७।२०७८ का लागि गत बर्ष २०७७ साल असार १० गते यही सम्मानित गाउँसभाबाट विनियोजित रकम रु ४१ करोड ६० लाख २३ हजार ८ सय ७८ मध्ये कतिपय योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न नभएको कारणले करिब रु. १ करोड९१ लाख ९८ हजार १ सय ५७रुपैयाँ ९५ पैसा गाउँपालिकाको संचित कोषमा नै संचित हुने देखिन्छ । चालू आ.व.को चालु तर्फ कुल बजेट ५करोड८२लाख७६हजार १ सय ४०/— मध्ये असार १० सम्म करिब ६२.०२ % खर्च भईसकेको देखिन्छ ,पुजिगत ११करोड२४लाख४१ हजार २ सय ५०। —मध्ये असार १० सम्मकरिब ४३ % खर्च भई सकेको देखिन्छ ।यस बर्ष संचालित बिषयगत योजनाहरुले यस गाउँपालिकाको समग्र बिकासमा सुधार ल्याएको छ। सडक पूर्वाधारहरुलाई प्राथमिकतामा राखेर गाउँपालिकाको केन्द्रसँग जोडिएको छ ।

महिला विकास समृद्ध कार्यक्रमहरु ,कृषि र पशु विकासका कार्यक्रमहरु ,युवा स्वरोजगार तालिम ,शिक्षा क्षेत्र सुधारका तालिम एंव गोष्ठि लगायतका श्रेत्रगत कार्यक्रमहरुले तपाई हामी सबैलाई सकारात्मक सन्देश फैलाएको छ ।
जीवनस्तरमा सुधार ल्याएको छ। यद्यपी कोभिड-१९ महामारीका कारण चालु आ.व. मा अपेक्षित योजना तथा कार्यक्रमहरु समयसीमाभित्र सम्पन्न गर्न नसिकएको सर्वविदितै छ । तसर्थ आगामि आर्थिक बर्षमा समय तालिका बनाएर हामी योजना तथा कार्यक्रमहरु समय सीमाभित्र नै पुरा गर्ने,अपेक्षाकृत गुणस्तर र लागतमा योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने बाताबरण तयार गर्नु पर्ने आवश्यकता देखिएको छ ।

**सभाध्यक्ष महोदय,**

आ.व. २०७८/०७९ को बजेटको दीर्घकालीन सोच, उद्देश्य एवं प्राथमिकता मैले यहाँ अघि नै सार्वजनिक गरी सकेकी छु।

दिगो पूर्वाधारयुक्त गाउँपालिका निर्माणको आधार तयार गर्नु, जनताले परिवर्तन अनुभूत गर्ने विकासका योजनाहरु संचालन गर्नु एवं नागरिकमा स्थानीय सरकारको आभाष दिलाउनु नै हालको सर्न्दभमा हाम्रो प्रमुख लक्ष्य र गन्तव्य हो।

सीमित पूँजीगत विकास बजेटबाट अनेकौ क्षेत्र विकासका इच्छा, आकाङ्क्षा परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ। त्यसकारण पनि यो बजेट विनियोजन गर्ने कार्य असाध्यै जटिल र चुनौतीपूर्ण रहेको म स्वीकार गर्दछु।

संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदानका कार्यक्रम कुल बजेटको दुई तिहाई भन्दा बढी हुने हुँदा हाम्रो आबश्यकतानुरुपको पुँजीगत बजेट करिब एक तिहाई मात्रै हुने हुन्छ। यसर्थ कुल बजेटको आकार ठुलो देखिएता पनि तपाई हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई बजेट विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माझ सादर जानकारी गराउन चाहन्छु।

**सभाध्यक्ष महोदय ,**

२०७८ साल असार १० गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गरेको विश्वास दिलाउन चाहन्छु ।

अब म आ.व. २०७८/०७९ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

## आय तर्फ

- संघिय सरकारबाट प्राप्त सशर्त अनुदान - रु २१करोड २५ लाख
- संघिय सरकारबाट समानिकरण अनुदान - रु ८ करोड ४५ लाख
- संघिय सरकारबाट राजश्व बाँडफाड अनुदान- रु. ६ करोड ३१ लाख १७ हजार
- संघिय सरकारबाटवन रोयल्टी- रु. ५ हजार
- प्रदेश सरकारको समानिकरण अनुदान - रु. ४६ लाख ९८ हजार
- प्रदेश सरकारको सवारी साधन कर- रु. २५ लाख ४२ हजार ३ सय १०
- प्रदेश सरकारको समपुरक अनुदान- रु. १ करोड
- प्रदेश सरकारको सशर्त अनुदान- रु. ४४ लाख २६ हजार
- घरजग्गा रजिष्ट्रेसन बाँडफाँड जिल्ला मालपोत कार्यालय- रु. १ लाख (अनुमानित)
- चालु आ.ब.को ०७७।०७८को अनुमानित रकम -रु. २ करोड
- आगामि आ.व.को अनुमानित आन्तरिक श्रोत- रु. २० लाख ९७ हजार ६ सय ५०
- **जम्मा बजेट—रु. ४०करोड ३९ लाख ८५ हजार ९ सय ६० रुपैयाँ**

## व्यय तर्फ

**सर्शत र समपूरक अनुदान कार्यक्रम तोकेबमोजिम हुने-छ** २२ करोड ६९ लाख २६ हजार रुपैयाँ

**चालु खर्च**-रु ९ करोड २७लाख ५९ हजार ३ सय १० रुपैयाँ

**पूँजीगत खर्च**-रु ८ करोड ४३ लाख ६ सय ५० रुपैयाँ

- **कुल व्यय रु. ४०करोड ३९ लाख ८५ हजार ९ सय ६० रुपैयाँ**

**यसर्थ,**

यस गाउँपालिकाको आ.व. ०७८/०७९ को कुल बजेट रु. **रु. ४० करोड ३९ लाख ८५ हजार ९ सय ६० रुपैयाँ** रहेको व्यहोरायस सम्मानित सभामा जानकारी गराउदछु ।

**अन्तयमा,**

**सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,**

विकास सामूहिकताले दीगो हुन्छ । अपनत्वले संरक्षण गर्दछ र प्रयोगले जीवनस्तरमा परिवर्तन ल्याउँछ । हामीले यस कुराको सन्देश सबैलाई दिन सक्नुपर्दछ । भिन्नभिन्न राजनीतिक पृष्ठभूमिका बाबजुत एकै थलोमा उभिएका हामीले विगतमा जस्तै ऐसेलुखर्कको विकासका लागि एकताबद्ध भएर अघि बढ्न सक्नुपर्दछ ।

प्रस्तुत योजना तथा कार्यक्रमका लागि स्रोत जुटाई दिने संघीय सरकार, प्रदेश सरकारलाई विशेष आभार प्रकट गर्दछु , साथै विकासमा साझेदारी गर्ने प्रतिबद्धता जनाउँनु भएका सबै संघ संस्थाप्रति आभार प्रकट गर्दछु । यस बजेटले ऐसेलुखर्कको समृद्धिको ढोका खोल्ने विश्वसका साथै कार्यान्वयनका लागि बिशेष अपिल गर्दै मेरो मन्तव्य टुङ्याउँछु ।

ऐसेलुखर्क गाउँपालिका

हेलम्बु गाउँपालिका